सल्यान जिल्ला अदालत
सल्यान

# सल्यान जिल्ला अदालतबाट जारी भएको

# सूचना ! सूचना ! ! सूचना ! ! !

मितिः-२०७८।१।१७

कोरोना भाईरस (Covid-19) को नयाँ भेरियन्ट सहितको संक्रमण यस सल्यान जिल्लामा समेत तिब्ररुपमा बढि रहेको र सम्बन्धित निकायबाट बन्दाबन्दि समेत भएको अवस्थालाई दृष्टिगत गरी यस अदालतबाट नियमित रुपमा प्रदान गरीने काम कारवाही एवं सेवा प्रवाहलाई संकुचन गर्नु पर्ने भएकाले सरकारी वकिल र जिल्ला वार ईकाईसंग फोन सम्पर्कबाट भएको छलफल एवं यस अदालतको मिति २०७८।१।१७ गतेको निर्णय बमोजिम **मिति २०७८।१।१९ गते देखि मिति २०७८।१।३१ गते** सम्मको लागी यस अदालतबाट प्रबाह हुने देहाय बमोजिमका सेवा वाहेक अन्य काम कारवाही र सेवाहरु स्थगन गरिएको व्यहोरा सम्बन्धि सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

१- बन्दिप्रत्यक्षिकरण र Covid-19 संग सम्बन्धि निवेदन दर्ता र सुनुवाई,

२- म्याद थप, पक्राउ पूर्जी जारी गर्ने अनुमति प्रदान, जरुरी प्रक्राउ पूर्जी स्वीकृती

३- अभियोग पत्र दर्ता, प्रतिवादीको बयान एवं थुनछेक सम्बन्धि कार्य,

४- घरेलु हिंसा सम्बन्धि मुद्दा दर्ता,

५- मिलापत्र, मुद्दा फिर्ता, डिसमिस, तामेली, मुल्तवी र कसूर ठहर भएका मुद्दामा सजाय निर्धारण सम्बन्धि सुनुवाई ।

*पुनश्चः- यस अदालतका काम कारवाही एवं सेवा प्रवाह स्थगन भएका अवधि भर हदम्याद, म्याद र तारेख गुज्रने छैन ।*